आज मिति २०८२।०७।२६ गते बिहान ८:०० बजे बुद्धभूमि नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमि नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्य ज्यूहरु र कर्मचारीहरुको उपस्थिति देहाय बमोजिम रहेयो।

## उपस्थिति

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | नगर प्रमुख | बुद्धभूमि न.पा. १ | |
| २ | श्री मिरा थारु | उप प्रमुख | बुद्धभूमि न.पा. २ | |
| ३ | श्री तेज बहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमि न.पा. १ | |
| ४ | श्री सुरज प्रताप राणा | वडा अध्यक्ष | बुद्धभूमि न.पा. २ | |
| ५ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ३ | |
| ६ | श्री सुसिल कुमार चौधरी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ४ | |
| ७ | श्री रोम बहादुर थापा क्षेत्री | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ५ | |
| ८ | श्री ऐलेन्द्र प्रसाद कुर्मी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ६ | |
| ९ | श्री शालिकराम यादव | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ७ | |
| १० | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ८ | |
| ११ | श्री प्रमोद आचार्य | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ९ | |
| १२ | श्री सन्दीप कुमार पान्डेय | वडा अध्यक्ष | बुद्धभूमि न.पा. १० | |
| १३ | श्री कमला चौधरी | का. सदस्य | बुद्धभूमि न.पा. १ | |
| १४ | श्री शिवाली थारु | का. सदस्य | बुद्धभूमि न.पा. २ | शिवाली |
| १५ | श्री अनिता कुमारी पासी | का. सदस्य | बुद्धभूमि न.पा. ६ | अनिता |
| १६ | श्री विमला देवी कुर्मी | का. सदस्य | बुद्धभूमि न.पा. ८ | बिमला |
| १७ | श्री अनिता देवी यादव | का. सदस्य | बुद्धभूमि न.पा. ९ | अनिता |
| १८ | श्री प्रभावती लोहार | का. सदस्य | बुद्धभूमि न.पा. ७ | प्रभावती |
| १९ | श्री तारादेवी सुनार | का. सदस्य | बुद्धभूमि न.पा. ४ | Tara |
| २० | श्री कमलेश बरई | का. सदस्य | बुद्धभूमि न.पा. १० | |
| २१ | श्री बासुदेव भट्टराई | प्रमुख प्र. अधिकृत | बुद्धभूमि न.पा. | |

मिति :२०८२।०७।२६ गते बिहान ८:०० बजे बुद्धभूमि नगर कार्यपालिका बैठकको निर्णयहरू: | बैठक नं. ०४/२०८२।०८३

१. **अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।**

**निर्णयः** मिति २०८२।०६।१० गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो। साथै कार्यान्वयन हुन बाँकी निर्णयहरू तदारूकताका साथ कार्यान्वयन गर्ने /गराउने निर्णय गरियो।

२. **आ.व. २०८२।०८३ को आय सम्बन्धमा।**

**निर्णय :** बुद्धभूमि नगरपालिकाको २०८२ कार्तिक २५ सम्ममा आर्थिक प्रशासन शाखाबाट प्राप्त विवरण अनुसार चालु तर्फ २०.०३ प्रतिशत तथा पूँजीगत खर्च तर्फ ०.८८ प्रतिशत रकम खर्च भएको जानकारी प्राप्त भयो। साथै आन्तरिक राजश्व शाखाबाट प्राप्त विवरण अनुसार २०८२ कार्तिक २४ गते सम्ममा ९१ लाख ६० हजार ६ सय ८५ रुपैयाँ मात्र राजश्व संकलन भएको जानकारी प्राप्त भयो।

३. **बुद्धभूमि नगरपालिकाको रिक्सा सञ्चालन व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०८१ संशोधन सम्बन्धमा।**

**निर्णय :** बुद्धभूमि नगरपालिकाको रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०८१ को परिच्छेद २ दफा (३) को उपदफा २ (ङ) खारेज गर्ने, दफा १० को उपदफा १(ग) मा इलाका ट्राफिक प्रहरी कार्यालयको सट्टा जिल्ला ट्राफिक प्रहरी कार्यालय र सोही दफाको (ङ) मा हालको व्यवस्था खारेज गरी इलाका प्रहरी कार्यालयको प्रमुख वा प्रतिनिधी सदस्य राखी कार्यविधि संशोधन गर्ने निर्णय गरियो।

४. **खाद्य अधिकार तथा खाद्य प्रणाली रणनीतिक योजना तर्जुमा (स्वीकृत) सम्बन्धमा।**

**निर्णय :** बुद्धभुमि नगरपालिकाले आ.व. २०८२।०८३ मा पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिले तर्जुमा गरी सिफारिस गरेको खाद्य अधिकार तथा खाद्य प्रणाली रणनीतिक योजना, २०८२ स्वीकृत गर्ने निर्णय गरियो।

५. **प्रथम चौमासिक सार्वजनिक सुनुवाई सम्बन्धमा।**

**निर्णय :** आ.व. २०८२।०८३ को प्रथम चौमासिक सम्मको सार्वजनिक सुनुवाई बुद्धभूमि नगरपालिकाका कार्यपालिका सदस्यज्यूहरू, शाखा प्रमुखहरू, राजनैतिक दलका नगर प्रतिनिधिज्यूहरू, सामुदायिक वनका अध्यक्ष, शिक्षक महासंघ, उद्योग वाणिज्य संघ, होटल व्यवसायी संघ, व्यापार संघ, खेलकुद समिति, शिक्षा समिति, साझेदारी संस्था, सहकारी संजाल, टोल विकास संस्थाका अध्यक्ष ज्यूहरू, मेलमिलापकर्ता, बुद्धिजिवी तथा समाजसेवीको उपस्थिति र नेपाल पत्रकार महासंघ, कपिलवस्तुको सहजीकरणमा मिति २०८२।०७।२८ गते शुक्रबार दिनको ११:३० बजे बुद्धभूमि नगरपालिकाको बहुउद्देश्यीय सभाहल हनुमानचोक, बुड्ढीमा सञ्चालन गर्ने निर्णय गरियो।

६. **लागत साझेदारी कार्यक्रम सञ्चालन सम्बन्धमा।**

**निर्णय :** बुद्धभूमि नगरपालिकाको सात्रौं नगर सभाको बार्षिक नगर विकास योजना पुस्तिकामा लागत सहभागिताका तर्फ ५०/५० र ६०/४० र स्यालो ट्यूबेल तथा मोटर जडान साझेदारी (७०/३०) कार्यक्रमका लागि बजेट

बासुदेव मेहराई
प्रमुख प्रशासकिय अधिकृत

...कुमार श्रेष्ठ

विनियोजन भएकाले सो बजेट अन्तर्गत भौतिक पूर्वाधार निर्माण तर्फ सडक, नाली, भवन, स्यालो ट्युबेल, सिचाई कुलो लगायतका योजनाहरू लागत साझेदारीमा सञ्चालन गर्न १५ (पन्ध्र) दिनको सूचना दिई विभिन्न संघ संस्था, व्यक्ति र समूहहरूबाट साझेदारी प्रस्ताव सहितको योजना माग गर्ने निर्णय गरियो।

७. **उद्यम विकासको क्षेत्र र विषय तोक्ने र बहुक्षेत्रीय पोषणको बार्षिक कार्यक्रम सम्बन्धमा।**

**निर्णय :** बुद्धभूमि नगरपालिकाले आ.व. २०८२।०८३ मा सञ्चालन गर्ने गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम तर्फ नयाँ उद्यम सृजना गर्न वडा नं. ४ लाई छनौट गर्ने निर्णय गरियो। साथै नयाँ सृजना हुने लघु उद्यमीलाई गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ बमोजिम उद्यमीको माग अनुसार सीप विकास तालिम सेवा प्रदायक संस्था मार्फत प्रदान गर्ने निर्णय गरियो। साथै बुद्धभूमि नगरपालिकामा संचालित बहुक्षेत्रीय पोषण कार्यक्रमको लागी नेपाल सरकारको शसर्त अनुदानबाट प्राप्त रकम रु. २०,००,०००।– (अक्षरुपी बीस लाख) र स्थानीय तहबाट विनियोजित रकम रु. ५,००,०००।– (अक्षरुपी पाँच लाख) गरी जम्मा बजेट रु. २५,००,०००।– ( अक्षरुपी पच्चीस लाख) बाट यस आ.व. २०८२।०८३ मा बहुक्षेत्रीय पोषण कार्यक्रम संचालन गर्नका लागी विषयगत शाखाहरुबाट प्रस्तावित भई आएका कार्यक्रमलाई एकिकृत गरी शाखागत रुपमा बजेट बाँडफाँड गरी तपसिल बमोजिमका एकिकृत कार्यक्रमहरुलाई स्वीकृती गर्ने निर्णय गरियो।

| विषयगत क्षेत्र | क्रियाकलाप | संख्या/ पटक | दर | कुल विनियोजित बजेट | विनियोजित बजेट (रु.हजारमा) (श्रोत अनुसार) | | | | वडा र बस्ती | *लाभान्वित समूह (जस्तैःदलित,जनजाति,लोपोन्मुख वर्ग समेत खुलाई उल्लेख गर्ने) | अनुमानित लाभान्वित घरधुरी संख्या | कार्यान्वयन गरिने समयावधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानिय तह | अन्य (गैर.स.स.आदि) | | | | |
| शासकीय प्रबन्ध | नगर स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति बैठक तथा अन्य खर्च | १ | ३५००० | ३५००० | ३५ | | | | नगरस्तरीय | | २६ | पहलो चौमासिक |
| | बडा स्तरीय पोषण तथा खाद्य सुरक्षा सहजीकरण समिति बैठक | १० | ८००० | ८०००० | | | ८० | | सबै वडामा | | १५० | दोस्रो चौमासिक |
| | पोषण सहजकर्ताको परिश्रामिक,चाडपर्व,पोशाक,भत्ता समेत | १३ | ३२९०२ | ४३७८२० | ३३५ | | १०२ | | निरन्तर | | १ | मासिक |
| | सुनौलो हजार दिनका आमा समूहमा अभिमुखिकरण | १० | १२७२८ | १२७२८० | | | १२७ | | सबै वडामा | दलित,मधेशी जनजाति मुस्लिम | २५० | दोस्रो चौमासिक |
| | पोषण कर्नर स्थापना | २ | २०००० | ४०००० | | | ४० | | १० र ६ | दलित,मधेशी जनजाति मुस्लिम | ३०० | तेस्रो चौमासिक |
| | बाल पोषण अनुदानको प्रभावकारी उपयोग सम्बन्धी शिशु स्यहारकर्तालाई अभिमुखिकरण | २ | १९५० | १९९०० | | | १९ | | ७ र ८ | दलित,मधेशी जनजाति मुस्लिम | ५० | दोस्रो चौमासिक |
| शिक्षा | प्रारम्भिक बालविकास सहजकर्ताहरुलाई पोषण सम्बन्धि अभिमुखिकरण | १ | ५०००० | ५०००० | ५० | | | | नगरस्तरीय | दलित,मधेशी जनजाति मुस्लिम | ६० | दोस्रो चौमासिक |
| | माध्यमिक विद्यालयका किशोरीहरुलाई पोषण खानपान सम्बन्धी अभिमुखिकरण | ३ | १५००० | ४५००० | ४५ | | | | ५, ६ र ७ | दलित,मधेशी जनजाति मुस्लिम | ९० | तेस्रो चौमासिक |
| खानेपानी तथा सरसफाई | सुनौला हंजारदिनका आमा समूहमा जोखिमपूर्ण समयमा हातधुने तथा व्यक्तिगत सरसफाई र स्वच्छता सम्बन्धी अभिमुखीकरण | ४ | १२५०० | ५०००० | ५० | | | | ६,७,८र १० | दलित,मधेशी जनजाति मुस्लिम | १०० | दोस्रो चौमासिक |
| महिला तथा बालबालिका | सुनौलो हजार दिनका विपन्न महिलाको पोषण सुधारका लागी आयआर्जन अनुदान | २८ | २५००० | ७००००० | ७०० | | | | वडा नं. १० | दलित,मधेशी जनजाति मुस्लिम | २८ | तेस्रो चौमासिक |
| | सुनौलो हजारदिनका परिवारका सासु बुहारीलाई पोषण सम्बन्धी अभिमुखिकरण | ३ | १६६६६ | ५०००० | ५० | | | | ६,७, र ८ | दलित,मधेशी जनजाति मुस्लिम | १५० | दोस्रो चौमासिक |
| कृषि विकास | पोषण सुधारका लागी सुनौलो हजारदिन भित्रका आमाहरुलाई | १ | २१०००० | २१०००० | ८० | | १३० | | सबै वडामा | दलित,मधेशी जनजाति मुस्लिम | २५० | दोस्रो चौमासिक |

प्रशासकीय अधिकृत

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | करेशाबारी व्यवस्थापनका लागी तरकारी बीउ वितरण | | | | | | | | | | | |
| | सुनौलो हजारदिन भित्रका आमाहरुलाई मेवाको बिरुवा वितरण | १ | ९०००० | ९०००० | ९० | | | | सबै वडामा | दलित,मधेशी जनजाति मुस्लिम | २५० | तेस्रो चौमासिक |
| पशु सेवा | पोषण सुधारका लागी सुनौलो हजार दिनका आमाहरुलाई १२ हप्ते हुर्काएको कुखुराको चल्ला वितरण | १ | ४१५००० | ४१५००० | ४१५ | | | | सबै वडामा | दलित,मधेशी जनजाति मुस्लिम | २५० | तेस्रो चौमासिक |
| स्वास्थ्य | स्वास्थ्य बच्चा प्रतिस्पर्धा कार्यक्रम तथा पोषण सम्बन्धी अभिमुखिकरण (स्वास्थ्य संस्था स्तरीय) | १० | १५००० | १५०००० | १५० | | | | सबै वडामा | दलित,मधेशी जनजाति मुस्लिम | ५०० | तेस्रो चौमासिक |
| | **जम्मा** | | | २५००००० | | | | | | | | |

र बुद्धभूमि नगरपालिकामा आ.व. २०८२।०८३ मा संचालित बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत सुनौलो हजार दिनका विपन्न महिलाको पोषण सुधारका लागी आय आर्जन अनुदान शिर्षकमा ७०००००।- (अक्षरुपी सात लाख मात्र) वजेट रहेकोमा स्थान छनौटका लागी पोषणका सुचकको आधारमा प्राथमिकीकरण गर्दा वडा नं. १० मा कार्यक्रम सञ्चालन गर्न उपयुक्त देखिएकोले उक्त पोषण सुधारका लागी आयआर्जन अनुदान कार्यक्रम वडा नं. १० लाई उपलब्ध गराउने निर्णय गरियो।

८. **पूर्ण प्रसुति घोषणाको लागि सर्वेक्षण सम्बन्धमा।**

**निर्णय :** बुद्धभूमि नगरपालिकामा गतवर्ष पुर्ण संस्थागत सुत्केरी घोषणा भएका वडाहरू १, २, ३, ४, ५ र ९ लाई दिपोपना कायम गर्न, यस वर्ष वडा नं. ८ लाई पनि पुर्ण संस्थागत सुत्केरी वडा घोषणा गर्ने सर्वेक्षण गर्न व्यवस्था मिलाउने र बाँकी वडाहरू ६, ७ र १० लाई पनि पूर्ण संस्थागत सुत्केरी वडा घोषणाका लागि सम्बन्धित सूचकहरू पुरा गराउन पहल गर्ने निर्णय गरियो।

९. **घर नक्सा अभिलेखीकरण सम्बन्धमा।**

**निर्णय :** बुद्धभूमि नगरपालिकाले घर नक्सा अभिलेखीकरण गर्ने कार्यलाई सहज गराउनमा उपप्रमुखको संयोजकत्वमा तपसिलका ५ सदस्य समिति गठन गरी नजिकका नगरपालिकाहरूमा घर नक्सा अभिलेखीकरण सम्बन्धमा भएका असल अभ्यास र प्रक्रियाहरूको अध्ययन गरी २०८२ मंसिर १० गते सम्म प्रतिवेदन पेश गर्न लगाउने साथै घर नक्सा अभिलेखीकरणको दर्ता लगायतका कार्य २०८२ चैत्र मसान्त सम्म खुल्ला गर्ने निर्णय गरियो।

**तपसिलः**

| | |
|---|---|
| १) श्री मिरा थारु | संयोजक |
| २) श्री तेज बहादुर बस्नेत | सदस्य |
| ३) श्री रोम बहादुर थापा क्षेत्री | सदस्य |
| ४) श्री प्रमोद आचार्य | सदस्य |
| ५) श्री कुशल घिमिरे | सदस्य - सचिव |

१०. **फोहोरमैला व्यवस्थापन सम्बन्धमा।**

**निर्णय:** बुद्धभूमि नगरपालिकाको वडा नं. २ को पूर्व पश्चिम राजमार्गदेखि दक्षिण, कुन्द्रा खोलाको पूर्व तिलौराकोट साझेदारी वन क्षेत्र भित्र पर्ने स्थान उपयुक्त देखिएकोले उक्त स्थानमा ल्याण्डफिल्ड साइड स्थापनाको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार गर्ने र IEE प्रतिवेदन तयार गर्दा लाग्ने खर्च नगरपालिकाले व्यहोर्ने, IEE प्रतिवेदन स्वीकृत गरी अनुमति प्रदान गर्न सहजीकरणको लागि डिभिजन वन

विष्णुदेव भट्टराई
प्रमुख प्रशासकिय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

कार्यालय, कपिलवस्तु र वन तथा वातावरण मन्त्रालय, लुम्बिनी प्रदेशलाई सिफारिस गर्ने निर्णय गरियो। साथै हाल सञ्चालनमा रहेको वडा नं. १ भृकुटी सामुदायिक वनमा रहेको ल्याण्डफिल्ड साइडको सडक, बार तथा फोहोर व्यवस्थापनको लागि रू. ५ लाखमा नबढ्ने गरी इस्टिमेट तथा मुल्यांकन अनुसार विपद् प्रकोप व्यवस्थापन शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।

११. **विपद् व्यवस्थापन सम्बन्धमा।**

**निर्णयः** चिसो मौषम र हुन सक्ने शितलहर समेतलाई मध्यनजर गरी नगरपालिका क्षेत्र भित्रका स्थानहरूमा दाउरा खरिद तथा ढुवानी व्यवस्था समेत मिलाई गाउँ/बस्तीको चोक/चोक, चौराहमा पु-याउनको लागि नगरपालिको विपद् व्यवस्थापन शिर्षकबाट आवश्कता अनुसार रकम खर्च गर्ने निर्णय गरियो।

१२. **राजश्व सुधार योजनाको TOR सम्बन्धमा।**

**निर्णयः** बुद्धभूमि नगरपालिकाको स्वीकृत बार्षिक कार्यक्रम अनुसार राजश्व सुधार योजना तयार गर्न राजश्व सुधार कार्ययोजना (RIAP) का लागि पेश भएको कार्यक्षेत्रगत शर्तहरू (Terms of Reference) TOR स्वीकृत गर्ने निर्णय गरियो।

१३. **बुद्ध भृकुटी व्याडमिन्टन क्लबको पत्र सम्बन्धमा।**

**निर्णयः** बुद्ध भृकुटी व्याडमिन्टन क्लबको च.नं. ११५ मिति २०८२।०५।२३ गतेको पत्रानुसार बुद्धभूमि नगरपालिका वडा नं. २ मा रहेको बडहरा कवर्डहलमा मैत्रीपूर्ण व्याडमिन्टन प्रतियोगिता सञ्चालनको लागि प्लाइउड तथा अन्य मर्मत सम्भार गर्न रकम अभाव भएकोले आर्थिक सहयोग गरिदिनुहुन भनी लेखिआएकोले अन्य संघ संस्था सहायता शिर्षकबाट रू. २०,०००।– (बीस हजार) दिने निर्णय गरियो।

१४. **विविध।**

क) **पद मिलान सम्बन्धमा।**

**निर्णयः** बुद्धभूमि नगरपालिकामा कार्यरत आ.ले.प. अधिकृत श्री मधु सुदन श्रेष्ठको निवेदन बमोजिम आ.ले.प. अधिकृत सातौं बाट पद मिलान गरी लेखा अधिकृत (सातौं) कायम गर्ने निर्णय गरियो।

ख) **वडा नं. १० को पत्र सम्बन्धमा।**

**निर्णयः** बुद्धभूमि नगरपालिका वडा नं. १० को च.नं. ९६६ मिति २०८२।०६।२२ गतेको पत्रानुसार वडा नं. १० बिजगौरी बस्ने छेदी पासीको छोरा सन्तोष पासीको गोठमा मिति २०८२।०६।१४ गते अन्दाजी २:०० बजे आगलागी भई भैसी र पाडी जली घाइते भएको भनी प्रहरी मुचल्का सहित आर्थिक सहयोगको लागि वडाबाट सिफारिस भई आएको हुँदा विपद् प्रकोप व्यवस्थापन कोष शिर्षकबाट रु.५,०००।- (अक्षरुपि पाँच हजार रुपैयाँ मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो।

ग) **वडा नं. ५ को पत्र सम्बन्धमा।**

**निर्णयः** बुद्धभूमि नगरपालिका वडा नं. ५ को च.नं. २४७ मिति २०८२।०७।१८ गतेको पत्रानुसार वडा नं. ५ दरखासवा बस्ने सिताराम परियारको पत्नी लक्ष्मी दर्जीको घरमा मिति २०८२।०७।१५ गते राती १०:३० बजे आगलागी घरको सम्पत्ति जलेर नष्ट भएको भनी प्रहरी मुचल्का सहित आर्थिक सहयोगको लागि

प्रमुख प्रशासकिय अधिकृत

नगर प्रमुख

वडाबाट सिफारिस भई आएको हुँदा विपद् प्रकोप व्यवस्थापन कोष शिर्षकबाट रु.१०,०००।- (अक्षरुपि दश हजार रुपैयाँ मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**घ) वडा नं. ४ को पत्र सम्बन्धमा ।**

**निर्णयः** बुद्धभूमि नगरपालिका वडा नं. ४ को च.नं. ५०८ मिति २०८२।०७।२१ गतेको पत्रानुसार वडा नं. ४ करनौलिया बस्ने रूक मिना केवटको गोठमा मिति २०८२।०७।०४ गते आगलागी गोठमा रहेको कुखुरा, पलङ्ग र अन्य सामान जलेर नष्ट भएको भनी प्रहरी मुचल्का सहित आर्थिक सहयोगको लागि वडाबाट सिफारिस भई आएको हुँदा विपद् प्रकोप व्यवस्थापन कोष शिर्षकबाट रु.५,०००।- (अक्षरुपि दश हजार रुपैयाँ मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**ङ) वडा नं. ६ को पत्र सम्बन्धमा ।**

**निर्णयः** बुद्धभूमि नगरपालिका वडा नं. ६ को च.नं. २२१ मिति २०८२।०७।२३ गतेको पत्रानुसार वडा नं. ६ सेमरहना बस्ने बद्री अहिरको छोरा बहोरे अहिरको गोठमा मिति २०८२।०७।१९ गते अन्दाजी २:३० बजे आगलागी भई भैसी र पाडी जली मृत्यु भएको भनी प्रहरी मुचल्का सहित आर्थिक सहयोगको लागि वडाबाट सिफारिस भई आएको हुँदा विपद् प्रकोप व्यवस्थापन कोष शिर्षकबाट रु.५,०००।- (अक्षरुपि पाँच हजार रुपैयाँ मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

वासुदेव भट्टराई
प्रमुख प्रशासकिय अधिकृत

२०८२।०८।२५
केशव कुमार श्रेष्ठ
नगर प्रमुख